## प्रस्तावना

नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका तथा संचालन गर्न चाहने व्यापार तथा व्यवसायहरूको दर्ता गर्ने, नविकरण गर्ने, अभिलेखन गर्ने, व्यवसाय मैत्री वातावरण तयार गर्ने र ती व्यवसायहरूलाई करको दायरामा ल्याउन नीतिगत व्यवस्था गरी सरल, वैज्ञानिक र नजविजी अधिकार/हित बनाउन आवश्यक देखिएकोले बुढीगंगा नगरपालिकाको मिति २०७९।०४।१४ मा बसेको छैटौं नगरसभाले यो व्यवसाय दर्ता तथा नविकरण निर्देशिका २०७९ बनाई लागु गरेको छ ।

**१. नाम र प्रारम्भः**

(१) यो निर्देशिकाको नाम व्यवसाय दर्ता तथा नविकरण निर्देशिका २०७९ रहेको छ ।

(२) यो निर्देशिका तत्काल लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागमा यो निर्देशिकामा,

(क) "कर" भन्नाले नगरपालिकासँग सम्बन्धित प्रचलित ऐन, नियमावली र यो निर्देशिका बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोबार अवस्था एवं व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसायकरलाई सम्झनुपर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर, दस्तुर, जरिवाना समेतलाई जनाउँछ ।

(ख) "कर दाता" भन्नाले दफा ५ बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका व्यक्ति, फर्म वा संघ/संस्थालाई सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(घ) "कर अधिकृत" भन्नाले यो निर्देशिका बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगर कार्यपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले नगरपालिकाको वडा सम्झनुपर्दछ ।

(च) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ । यो शब्दले वडा कार्यालय समेतलाई बुझाउने ।

(छ) "शाखा" भन्नाले राजश्व सम्बन्धी शाखा तथा उपशाखालाई सम्झनुपर्छ ।

(ज) "व्यवसायी" भन्नाले व्यापार तथा व्यवसाय संचालन गर्ने गरी नगरपालिकामा व्यवसाय दर्ता गर्ने व्यक्ति/फर्म/संघसंस्थालाई सम्झनु पर्दछ।

३. व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नुपर्ने: नगरपालिका क्षेत्रभित्र अनिवार्य व्यवसाय संचालन गर्नु अघि यस निर्देशिका बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ । यस अघि स्थापना भै संचालनमा रहेका व्यवसायहरु समेत यसै निर्देशिका बमोजिम दर्ता गर्नुपर्ने ।

४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने: (१) नगरपालिका भित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची-१ मा उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा दिन सक्नेछ । त्यस्तो दरखास्त फाराममा देहायका कुराहरुको खुलेको हुनुपर्छः-

क) व्यवसायको नाम :

ख) व्यवसायरहने ठेगाना :

ग) व्यवसायको प्रकृति : उद्योग, व्यापार, सेवा, पेशा

घ) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु सेवा तथा कामको विवरण

ङ) स्थिर पूँजीगत लगानी

च) व्यवसायीको नाम, ठेगाना र बाबु, बाजेको नाम

छ) व्यवसायरहने घरधनी/जग्गाधनीको नाम

ज) समय समयमा नगरपालिकाले तोकिदिएको अन्य विवरणहरु

झ) व्यवसायीको नागरिकता

ञ) अन्यत्र व्यवसाय दर्ता र इजाजत प्राप्त भएको भए सोको विवरण तथा इजाजत र दर्ता प्रमाणपत्र नम्बर

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले सोउपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरू लिई व्यवसाय दर्ता गर्नेछ।

(३) माथि उपदउफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-२ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेखगरी निवेदकलाई अनुसूची-३ को ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलब्ध गराउनेछ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा निर्देशिकाले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ।

तर शाखा वा थप कारोबारस्थलको लागि लाग्ने कर एकमुष्ठ लिई विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरू एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले बाधा पुर्याएको मानिने छैन।

५. कर बुझाउने दायित्व : (१) नगरसभाले पारित गरे अनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता भएको व्यक्ति फर्म वा निजको प्रतिनिधिको हुनेछ।

(२) कुनै व्यवसाय एक भन्दा बढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै पनि व्यक्तिलाई पनि कर बुझाउन वाध्य गर्न सकिनेछ।

६. व्यवसायको नविकरण गर्नुपर्ने: दफा ४ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको ३ महिना भित्र वार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्नु पर्नेछ।

७. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने :

(१) दफा ४ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरूमध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा ३० दिनभित्र सोको जानकारी कार्यालयमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरेबापत रु. ५००।- थप दस्तुर लिई विवरण संसोधन गरीदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

(३) व्यवसायको प्रकृति, कारोवार गर्ने वस्तु तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दर भन्दा बढी लाग्ने भएमा सो फरक कर रकम समेत असूल गर्नु पर्नेछ।

८. साझेदार थपघट, कारोवार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्ने:

(१) एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएका व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उप दफा (१) बमोजिम निवदेन परेमा सम्बन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी वार्षिक करको दरमा ५०% वा रु.१०००।- मध्ये जुन बढी हुन्छ सो थप दस्तुर समेत लिई साझेदार थप गरिदिनु पर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय अर्को स्थानमा ठाउसारीको लागि निवेदन परेमाकर अधिकृतले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफाशि जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ। यसरी सिफारिश प्राप्त भएकोमा ठाउँ सारी हुने वडा कार्यालयले व्यवसाय दर्ता विवरणमा ठाउँ सारी जनाई साविकको वडा कार्यालयमा ठाउँ सारीको जानकारी दिनु पर्नेछ।

(४) उपदफा ३ बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत किताबमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिश भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ।

(६) उपदफा (३) बमोजिम ठाउँसारी गर्न चाहने करदाताले ठाउँसारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचबुझ गरी रु. २००।- दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत जनाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस निर्देशिका बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

(८) दर्ता गरि सञ्चालनमा रहेका व्यवसायीहरुले कारोबार थप गर्न चाहेमा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर बराबरको शुल्क लिरि कारोबार थप गर्न सकिनेछ र कारोबार घटाउदा उक्त कारोबार गरेकवो कर चुक्ता प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

९. **कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्ने :** (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्नसक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जांचबुझ गर्न सक्नेछ ।

(३) यस निर्देशिका बमोजिम दर्ता भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

१०. **व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने :** (१) नगरपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्बन्धित निकायबाट प्रचलित नेपाल कानून बमोजिम अनुमति लिनुपर्ने कानुनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्न पूर्व सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व व्यवसायीको हुनेछ ।

(२) यस निर्देशिका बमोजिम कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा, व्यवसाय सञ्चालन गर्ने अनुमति पाएको मानिने छैन ।

११. **व्यवसाय दर्ता खारेज गर्न सकिने:** (१) यस निर्देशिका बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(३) ऐन, नियमावली र यस निर्देशिका बमोजिम दर्ता भएको व्यवसाय बन्द गर्न चाहेमा मुनासिब कारण खोली व्यवसायीले सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरीचालु आर्थिक वर्षसम्मको कर लगत र व्यवसाय खारेजीको लागि नगरपालिकामा सिफारिस सहित पठाउनु पर्ने छ । नगरपालिकाले कागजात अध्ययन गरी लगत कट्टा बापत लिइनेसेवा शुल्क समेत असुल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा संचालन गरेमा र व्यवसाय संचालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह व्यवसायीबाट असुल गर्नेछ ।

(६) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(७) यस दफा अन्तर्गतको उपदफा(५) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध व्यवसायीको नाममा नगरपालिकामा ३ वर्षसम्म पुनः व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ ।

१२. **जरिवाना तथा थप दस्तुर लाग्ने:** (१) निर्देशिकामा तोकिएको समयभित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागि सम्बन्धित आर्थिक वर्षको अन्तसम्मको लागि लाग्ने करमा ५० प्रतिशत जरिवाना लिई असुल उपर गरिनेछ ।

(२) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नबुझाएमा त्यसपछिका प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको वार्षिक १०० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ ।

CamScanner

अनुसूची-५

निर्देशिकाको दफा ४ को उपदफा (१) सँग सम्बन्धित

व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
बुढीगंगा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ,बाजुरा ।

विषय: व्यवसाय दर्ता/नवीकरण गर्न र परिचय पाटी राख्न अनुमति पाउँ ।

मैले/हामीले निम्न स्थानमा ........................................ व्यवसाय दर्ता/नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं । नियमानुसार लाग्ने कर, दस्तुर बुझाउनुको साथै नगरपालिकाबाट समय समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मन्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेका कागजात तथा विवरणहरू ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मन्जुर छु/छौं ।

१. व्यवसायीको नाम, थर : ........................................

फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम:

२. स्थायी ठेगाना : ........... जिल्ला ........... गा.पा. ...... वडा नं. ...... मार्ग ........ घर नं. ........................

३. बाबुको नाम, थर : ........................................

४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं ........ मार्ग ........ घर नं ........

५. सम्पर्क फोन नं ........................ मोबाइल ........................ ईमेल : ............

६. भाडामा रहेको भए व्यवसाय रहने घर र जग्गा को धनीको नाम, थर : ..............................

७. ठेगाना : ................. वडा नं. .............. घर नं. ......

८. व्यवसायको विवरण / प्रकृति : ........................................

९. पूँजीगत लगानी रु. मा ......................

१०. फर्म/कम्पनीको नाम : ........................................................

११. परिचय पाटीको साइज : लम्बाई ........... चौडाई .......... क्षेत्रफल ..............

१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. .............................. /कार्यालय : ........

१३. संलग्न गर्नुपर्ने कागजातहरू : आफ्नै घर जग्गा भए जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि-१, भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको बहाल सम्झौतापत्र-१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१, व्यवसायीको हालसालैको पासपोर्ट साइजको फोटो २ प्रति, फर्म कम्पनी भएमा दर्ता, इजाजत प्रमाणपत्र र आन्तरिक राजस्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

............... ...........

निवेदकको दस्तखत

मिति : ......................

कार्यालय प्रयोजनका लागि मात्र-

निवेदन दस्तुर : ........................ दर्ता दस्तुर .................. व्यवसाय कर ............ परिचय पाटी दस्तुर........................जरिवाना .................. जम्मा .................. व्यवसाय प्रमाण पत्र नं. : ..............

मिति : ........................

............... ........................................ ..............

पेश गर्ने ठीक छ भनी प्रमाणित गर्ने स्वीकृत गर्ने

अनुसूची-२
निर्देशिकाको दफा ४ को उपदफा (३) सग सम्बन्धित

## बुढीगंगा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## व्यवसाय कर दर्ता किताब

करदाता प्रमाणपत्र नं.:

जारी भएको मिति :

**व्यवसायको विवरण**

१) व्यवसायको प्रकृति:

२) व्यवसायको किसिम:

३) रहने स्थान/ठेगाना:

वडा नं.: घर नं.:

बाटोको नाम:

४) अन्य :

५) पाजेको नाम:

६) सम्पर्क फोन नं.:

७) अन्य:

**परिचयपाटी विवरण**

१) लेख्ने विवरण: (फर्म/कं.को नाम)

२) साइज:

३) किसिम: जारी भएको मिति

४) घर धनीको नाम:

४) काठमाडौं नाग:

**व्यवसायीको विवरण**

१) नाम, थर:

२) नागरिकता नं.:

३) ठेगाना: ,धायी :

अस्थायी :

| अगु ती | आ.व. | मिति | निवेदन दस्तुर | दर्ता शुल्क | चालु आ.व. को व्यवसाय कर रु | परिचय पाटी | बक्यौता | जरिवाना | जम्मा रकम | रसिद नं. | प्रमाणित गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

अनुसूची-३

निर्देशिकाको दफा ४ को उपदफा (३) सँग सम्बन्धित

बुढीगंगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

[illegible], बाजुरा सुदूरपश्चिम प्रदेश

व्यवसाय दर्ता प्रमाण-पत्र

फोटो

दर्ता मिति : २०७ ..... गते

करदाता नं. ...............

प्रमाणपत्र नं.:

जिल्ला ......... ............ नगरपालिका वडा.............बस्ने श्री ...................... ..... लाई निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण-पत्र जारी गरिएको छ ।

व्यवसायकोनाम : ..........................................

व्यवसाय रहनेस्थान : ........... नगरपालिका वडा नं. .............

बाटोको नाम ............................... घर नं ............... टोल ...............................

व्यवसाय रहने घर/जग्गा धनीको नाम : .............................

व्यवसायको प्रकृति : ..............................

[illegible] पाटीको साइज : ......................................... .........

पूजीगत लगानी (रु. मा) : ..........................................

..................... ........ ............................

व्यवसायीको हस्ताक्षर स्वीकृत गर्नेको हस्ताक्षर

(१) प्रत्येक आर्थिक वर्षको लागि तोकिएको वार्षिक कर उक्त आ.व.को [illegible] महिना भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नुपर्नेछ । नगरपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको [illegible] व्यवसाय प्रमाणपत्र नविकरण गर्न सकिनेछ ।

(२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा नगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्ने छ ।

(३) व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले नगरपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्ने छ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ ।

(४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राख्नु पर्दछ र नगरपालिकाको कर्मचारीहरुले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्दछ ।

(५) कुनै पनि किसिमको व्यवसायीक गतिविधिमा बाल श्रमिकहरू प्रयोग गर्न पाइने छैन यदि सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

(६) व्यवसायबाट उत्पादन हुने फोहरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायीको हुनेछ ।

(७) व्यवसाय सञ्चालनको सिलसिलामा नगरपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

(८) उल्लेखित शर्तनामाहरू पालना नगरेमा नगरपालिले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द समेत गर्न सक्नेछ ।

(९) यो प्रमाणपत्र कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।